कैलारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

आ.व.०७७/०७८

च.नं ८३६

मिति २०७७।०८।०७

विषय : विद्यालय संचालन सम्बन्धि कार्यढाँचा २०७७, कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु ।
कैलारी गा.पा.हसुलिया, कैलाली ।

प्रस्तुत विषय सम्बन्धमा नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहबाट जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्बन्धि मापदण्ड तथा निर्देशनको परिधि भित्र रही विद्यालय संचालन गर्ने सम्बन्धमा शिक्षा सरोकारवालाहरुसंगको परामर्श र सुझावका आधारमा विद्यालय संचालन कार्यढाँचा २०७७ अनुसार संक्रमणको जोखिम, विद्यार्थी संख्या तथा उपलब्ध, भौतिक पूर्वाधार समेत हेरी व्यवस्थापनमा सहजताका लागि विद्यालयहरुले देहाय अनुसारका विकल्पहरु मध्ये उपर्युक्त विकल्प प्रयोग गरी (शैक्षिक कार्यक्रम) विद्यालय संचालन गर्न गराउनु हुनका साथै विद्यालयका विद्यालय व्यवस्थापन समितिले शिक्षक, विद्यालय कर्मचारी, विद्यार्थी तथा अभिभावकहरुले अनिवार्य मास्क लगाउने, भौतिक दूरी मिलाई बस्ने, खाजा व्यवस्थापन गर्ने लगायतका विषय बस्तु समावेश गरी विद्यालय जादा विद्यालयमा रहदा वा घर फर्कदा एवम् घरमा पुगेपछि पालना गर्नु पर्ने आचारसंहिता उनीहरुको सहभागिता समेत गराइ तयार गर्ने, यसरी तयार भएको आचारसंहिता तथा छनौट गरेको उपर्युक्त प्रयोग गर्ने विकल्प यस गाउँपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखामा पेश गर्न हुन निर्देशानुसार अनुरोध छ ।

शाखा अधिकृत

**विकल्पहरु**

१.सबै कक्षा र विद्यार्थीलाई एकै समयमा कक्षा संचालन गर्ने ।
२.अलग अलग समय (सिफ्ट) मा अलग अलग कक्षा वा तह संचालन गर्ने ।
३.विद्यालय खुल्ने तथा कक्षा संचालनको अवधि घण्टी छोट्याउने ।
४. अवस्था हेरी तल्ला कक्षालाइ पहिले वा माथिल्लो कक्षाका विद्यार्थीलाई पहिलो (जोखिम र सहजता हेरी) कक्षा सुरु गर्ने ।
५.कुनै दिन केही कक्षा र कुनै दिन बाँकी अरु कक्षा संचालन हुने गरी पालैपालो कक्षा संचालन गर्ने ।
६.कक्षाका केही विद्यार्थी कुनै दिन वा सिफ्ट र बाँकी विद्यार्थी अर्को दिन वा सिफ्टमा संचालन हुने गरी पालैपालो कक्षा संचालन गर्ने ।
७.हप्तामा केही दिन, दिनमा केही घण्टा संचालन गर्ने ।

**बोधार्थ**

श्री सूचना तथा प्रविधि शाखा Websiteमा Uploadगरिदिनु हुन ।

REDMI NOTE 9
AI QUAD CAMERA